आज मिति २०७६/०३/२४ गते मंगलबारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री बिरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर बली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

**प्रस्तावहरु**

१. निजी तथा व्यवसायिक बाखा फर्मलाई अनुदान सम्बन्धमा ।

२. साना तथा लघु जलविद्युत आयोजना अनुदान सम्बन्धमा ।

३. सशर्त छात्रवृत्ती अनुदान सम्बन्धमा ।

४. एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा ।

५. आधारभुत स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा ।

६. सहकारी अनुदान सम्बन्धमा ।

७. नर्सरी व्यवस्थापन अनुदान सम्बन्धमा ।

८. स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

९. विविध तथा प्रासंगिक विषयहरु ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रममा राखिएको व्यवसायिक तथा निजी बाखा फर्मलाई सहयोग शिर्षकअन्तर्गत शिवालय गाउँपालिकामा गठित कृषि तथा पशु विकास समितिको निर्णय सिफारिसका आधारमा तपसिलका बाखा फर्महरुलाई देहायबमोजिमको रकम अनुदान दिने निर्णय अनुमोदन गरियो ।

| क.सं. | व्यवसायिक फर्मको नाम | ठेगाना | अनुदान रकम |
|---|---|---|---|
| १. | सामुन्द्रिक अधिकारी बाखा फर्म | शिवालय २, जाजरकोट | रु. १,५०,००० ।- |
| २. | सेरिकोट बाखा फर्म | शिवालय ७, जाजरकोट | रु. ५०,००० ।- |
| ३. | महतारा बाखा फर्म | शिवालय १, जाजरकोट | रु. ५०,०००।- |
| ४. | महेश बाखा फर्म | शिवालय १, जाजरकोट | रु. ५०,०००।- |
| ५. | किसमत बाखा फर्म | शिवालय ८, जाजरकोट | रु. ५०,०००।- |
| ६. | बिकास बाखा पालन फर्म | शिवालय १, जाजरकोट | रु. ५०,०००।- |
| ७. | कुशल बाखा पालन फर्म | शिवालय १, जाजरकोट | रु. ५०,०००।- |
| ८. | डिल वहादुर थापा बाखा फर्म | शिवालय ३, जाजरकोट | रु.५०,०००।- |

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिका अन्तर्गत साना तथा लघु जलविद्युत उत्पादन कार्यमा संलग्न शिवालय पानी मिललाई उक्त लघु जलविद्युत आयोजना निर्माण तथा प्रसारणका लागि सशर्ततर्फको **८.६.४२.८ लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन** शिर्षकबाट रु. ६ लाख अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को वार्षिक विकास कार्यक्रममा राखिएको सशर्त छात्रवृत्ती अनुदान यस गाउँपालिकाअन्तर्गतका तपसिलका गरिब तथा जेहेन्दार विद्यार्थीहरुका प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | विद्यार्थीको नाम र ठेगाना | अध्ययनरत विषय | अध्ययनरत शिक्षण संस्था | छात्रवृत्ती रकम |
|---|---|---|---|---|
| १. | श्री खगेन्द्र बहादुर शाही, शिवालय ५ | सिभिल सब इन्जिनियर | Dharaithati Higher Secondary School | रु.१,२०,००० |
| २. | श्री जनक बहादुर सुनार, शिवालय २ | इन्जिनियर | National College of Engineering | रु.१,२०,००० |
| ३. | श्री मदन प्रसाद रेग्मी, शिवालय ६ | वि.एस.सी. फरेष्ट्री | Tribhuvan University, Hetauda Campus | रु.१,२०,००० |
| ४. | श्री कृष्ण बहादुर राना | हेल्थ असिष्टेन्ट | National Technical College | रु.१,२०,००० |
| ५. | श्री गोविन्द नेगी | डिप्लोमा इन भेटेनरी साइन्स | Rolpa Technical School, Rolpa | रु.१,२०,००० |

साथै निजहरुले अध्ययनपश्चात यस गाउँपालिकाको कार्यालयमा अनिवार्य सेवामा लगाउन सम्झौता समेत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधिमा उल्लिखित एम्बुलेन्स सेवा उपलब्ध गराए बापत लिइदै आएको शुल्कमा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो । उक्त सेवा शुल्क २०७६ साउन १ बाट लागु गर्ने निर्णय गरियो । उक्त शुल्क एकोहोरो मात्र रहने गरी निर्धारण गर्ने निर्णय गरियो ।

१. शिवालय गाउँपालिका देखि खलंगासम्म रु. २,०००

२. शिवालय गाउँपालिकादेखि सल्लिबजारसम्म रु. २,०००

३. शिवालय गाउँपालिकादेखि मेहेलकुनासम्म रु. ३,०००

४. शिवालय गाउँपालिकादेखि वीरेन्द्रनगर, सुर्खेतसम्म रु. ४,०००

५. शिवालय गाउँपालिकादेखि नेपालगञ्जसम्म रु. ५,०००

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा नेपाल सरकारको एक वडा एक स्वास्थ्य केन्द्र स्थापना गर्ने राष्ट्रिय नीति मुताविक जाजरकोट जिल्ला पनि छनौट भएकाले यस शिवालय गाउँपालिकाभित्र देहायवमोजिम स्वास्थ्य चौकी नभएका वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

१. आधारभुत स्वास्थ्य केन्द्र, शिवालय १, चौवारी
२. आधारभुत स्वास्थ्य केन्द्र, शिवालय २, नेपा
३. आधारभुत स्वास्थ्य केन्द्र, शिवालय ४, टाटा
४. आधारभुत स्वास्थ्य केन्द्र, शिवालय ६, टुनिवगर
५. आधारभुत स्वास्थ्य केन्द्र, शिवालय ८, टाटे
६. आधारभुत स्वास्थ्य केन्द्र, शिवालय ९, काँडाकाडा

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिकाको स्वीकृत बार्षिक विकास कार्यक्रममा राखिएको सहकारी अनुदान शिर्षकवाट यसै गाउँपालिका वडा नं. ८ स्थित भृकुटी बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई विउँपूजी कोष परिचालनका लागि रु. २ लाख अनुदान प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा शिवालय गाउँपालिका अन्तर्गत स्थापित शिवालय कृषि फार्म प्रा.लि. शिवालय ७, जाजरकोटलाई नर्सरी व्यवस्थापनका लागि रु. ५ लाख अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा शिवालय गाउँपालिकाको विषयमा स्वास्थ्य प्रवर्द्धन सम्वन्धी सुचनाहरु बजाई प्रचारप्रसार गरेवापत रेडियो पाइला एफ.एम. जाजरकोटलाई सशर्ततर्फको शिर्षक कोड २.१५.२८.४८ स्वास्थ्य प्रवर्द्धन (मेरो अभियान, महामारी, सर्ने नसर्ने रोग रोकथाम, प्रजनन तथा बाल वातावरण स्वास्थ्य आदी) स्वास्थ्य सञ्चार सचेतना कार्यक्रम शिर्षकवाट रु. १ लाख भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ विविध बिषयमा छलफल गर्दा तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई देहायबमोजिमको रकम देहाय वापत विविध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१. प्रेस युनियन, जाजरकोटलाई आर्थिक सहायतास्वरुप रु.२५ हजार

२. भेरिमालिका पत्रिका, जाजरकोटलाई सन्देशमुलक सुचना प्रकाशन गरेबापत रु. ३५ हजार

३. युगआह्वान पत्रिका, जाजरकोटलाई सन्देशमुलक सुचना प्रकाशन गरेबापत रु. ३५ हजार

४. अम्बिका रेग्मी, शिवालय १ लाई शिवालय १, छेडाचौरमा रोपिएका विरुवा सिंचाई, सम्भार तथा रेखदेख गरेबापत मासिक रु ३००० का दरले ९ (नौ) महिनाको रु. २७ हजार

५. दैवीप्रकोप (आगलागी) मा परी सख्त घाइते शिवालय ३, ताङ्गा निवासी श्री पवित्रीदेवी रावतलाई उपचार खर्च सहायतास्वरुप रु. १० हजार

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/०३/२४ मा बसेको तीसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।